कर्णाली प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
## उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
# उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
## सिमकोट, हुम्ला नेपाल

## उपयुक्त प्रबिधि हस्तान्तरण सम्बन्धी प्रस्ताव आव्हानको सुचना
### प्रथम पटक प्रकाशित मिति २०७८/०७/२९

चालु आव ०७८ /७९ को स्विकृत कार्यक्रम र बजेटको परिधि भित्र रहि हुम्ला जिल्लामा रहेका लघु,घरेलु तथा साना उद्योगहरुको बिकास,बिस्तार र प्रबर्द्धनका लागी आवश्यक मेसिन, ज्यावल तथा औजार उपकरणहरु लागत सहभागिताका आधारमा बढीमा रु. २ लाख सम्मको अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुदां इच्छुक उद्यमिहरुले सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र देहायका कागजजातहरु सलग्न गरी निबेदन पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ।

क कार्यक्रम/आयोजनाको नाम: उद्यमिहरुका लागी उपयुक्त प्रबिधि हस्तान्तरण ।

ख उद्देश्य: लघु, घरेलु तथा साना उद्योगहरुको बिकास, बिस्तार र प्रवर्द्धनका लागी आवश्यक मेसिन ज्यावल तथा औजार उपकरणहरु लागत सहभागीतामा उपलब्ध गराउने ।

ग. कार्यक्रम /आयोजना संचालन हुने स्थान हुम्ला जिल्ला ।

**संलग्न गर्नुपर्ने कागजात:** संलग्न गर्नुपर्ने कागजातहरु (खण्ड क देखि घ सम्मका कागजात अनिवार्य पेश गर्नु पर्ने छ )

क. अनुसूची -१ बमोजिमको निवेदन र उद्यमीको नेपाली नागरीकताको प्रतिलिपी ।

ख. उद्योग दर्ताको प्रमाण पत्र ( सूचना प्रकाशन भएको मितिले कम्तिमा १ वर्ष अगाडि दर्ता भएको । करचुक्ता प्रमाणपत्र, करदर्ता प्रमाणपत्रको प्रतिलीपी र ५० लाख भन्दा बढी कुल पुजि भएको उद्योगको हकमा अडिड रिपोट - म्याद समाप्त भएको भए म्याद थमौति पत्र समेत।

ग. उद्योग संलाचित अवस्थामा रहे/नरहेको तथा रोजगारीको विवरण खुल्ने गरी स्थानिय तहको सिफारिस

घ. अन्य /विभिन्न क्षेत्रबाट अनुदान प्राप्त गरे/नगरेको सम्वन्धमा स्व: घोषणा पत्र ।

ङ. आवश्यक सामाग्रीसंग मेल खाने कम्तिमा कुनै १(एक) कम्पनिको विस्तृत स्पेशिफिकेशन खुल्ने ब्रोसियर । ब्रोसियरमा अनुदान ग्राहिको हस्ताक्षर र छाप अनिवार्य रुपमा हुनु पर्ने छ ।

च. साविक धरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम लगायत अन्य सरकारी निकायबाट तालिम प्राप्त गरी उद्योग व्यवसाय संचालन गरेको भए प्रमाणपत्रको प्रतिलिपी ।

छ. दलित तथा अपाङ्ग उद्यमीको हकमा प्रमाणित कागजातको प्रतिलिपी ।

ज. तालिम प्राप्त जनशक्ति कार्यरत रहेको भए कामदारको तालिम सम्वन्धि कागजातको प्रतिलिपी ।

झ. आवश्यक अन्य कागजात एंव विवरण ।

## नोट

क. यो कार्यक्रम मार्फत १ लाख सम्म लागत पर्ने मेसिन औजार भए ६० प्रतिशत र २ लाख भन्दा बढी लागत पर्ने भए ५० प्रतिशत वा ५० प्रतिशतले २ लाख नाघ्ने भएमा २ लाखमा नबढ्ने गरी सहयोग गर्न सकिने छ ।

ख अनुदानग्राहीको उद्योग दर्ता भै संचालन अवस्थामा रहेको हुनु पर्ने छ । अनुदानग्राही प्रोप्राइइटर फर्म भएमा प्रोपाइटरलाइ अनुदाग्राही मानिने छ, साझेदार फर्मको हकमा सम्पुर्ण साझेदारलाई अनुदान ग्राही मानि सबै साझेदार बाट हस्ताक्षरित कागजात पेश हुनुपर्नेछ भने कम्पनिको फर्मको हकमा कम्पनिको निर्णय अनुसार अख्तियारवाला तोकी निजबाट कागजजात पेश भएको हनु पर्ने छ ।

ग अनुदानग्राहीले सि.न क देखी ङ सम्मका कागजजात अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

घ अनुदानग्राहीले पेशगर्ने प्रत्यक कागजजातको पछाडी स्वयम प्रमाणित गरेको हुनुपर्नेछ ।

ङ. अनुदानग्रहीले प्रताव अनिवार्य रुपमा सिलबन्दि गरी पेश गर्नुपर्नेछ ।

च प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा सोको भोलीपल्ट वा कार्यालय खोलेको दिन कार्यलय समयभित्र प्रस्ताब दर्ता गराउन सकिने छ ।

पुनश्च: थप जानकारीको लागी कार्यालय समय अबधि भित्र ०८७-६८००५२ मा सम्पर्क गर्नु होला । आबेदन फाराम यस कार्यालयको वेबसाइट www.humla.oicp.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

Email: csidb.humla@gmail.com

"उद्यम गरौं स्वोरोजगार बनौं"

नि.कार्यालय प्रमुख
सुपकुमार बोहरा

Scanned with CamScanner